वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमूलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईंको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस !

वर्ष ४५ अंक १४६ | २०८३ असोज १२ गते सोमबार, नेपाल सम्वत् ११४६ September 28, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-

# बाढीपहिरोले तनहुँमा व्यापक क्षति : घरदेखि सडक र धार्मिक संरचनामा क्षति, दर्जनौं परिवार विस्थापित

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

बिगत चारदिनदेखि परेको अविरल वर्षासँगै आएको बाढीपहिरोले तनहुँका विभिन्न क्षेत्रमा जनजीवन प्रभावित भएको छ । लगातारको वर्षाका कारण नदी तथा खोलामा पानीको बहाव बढ्नुका साथै पहिरो खस्दा घर, गोठ, सडक, पुल, विद्युत् तथा अन्य भौतिक संरचनामा क्षति पुगेको छ । जिल्लाका विभिन्न स्थानमा घर जोखिममा परेपछि स्थानीयवासीलाई सुरक्षित स्थानमा सारिएको छ भने केही परिवारको घर पूर्णरूपमा क्षति भएको छ।

कालीगण्डकी, मर्स्याङ्दी, सेती, मादीलगायतका नदी तथा अन्य साना ठूलो खोला खोल्सामा पानीको बहाव बढेपछि किनारका बस्तीमा समेत जोखिम बढेको छ । प्रहरीका अनुसार विपद्जन्य घटनाबाट मानवीय क्षति भने अहिलेसम्म भएको छैन ।

**देवघाटको सीता गुफा परिसरमा बाढीको क्षति**

कालीगण्डकी नदीमा आएको बाढीले देवघाट गाउँपालिका–५ स्थित धार्मिक तथा पर्यटकीय क्षेत्र सीता गुफा परिसरमा उल्लेख्य क्षति पुऱ्याएको छ । बाढीले सीता गुफा नजिकको शौचालय, बाथरूम, ठूलो ढुंगामा कुँदिएको १०८ शिवलिङ्गसहितको ओंकार मूर्ति, स्टोरमा रहेका सामान तथा ओढ्ने–ओछ्याउने बेडिङलगायत सामग्री बगाएको प्रहरीले जनाएको छ ।

बाढीको जोखिम बढेपछि सीता गुफामा पूजा गर्दै आएकी ७६ वर्षीया पुजारी माता शिवानन्द गिरीलाई समेत प्रहरी टोलीले सुरक्षित स्थानमा सारेको छ । घटनाको थप क्षतिको विवरण संकलन भइरहेको छ ।

**ऋषिङ्मा बाढीले गोठसहित पाँच पशुचौपाया बगायो**

कालीगण्डकी नदीमा आएको बाढीले ऋषिङ गाउँपालिका–४ मधुवनमा गोठसहित पाँच वटा पशुचौपाया बगाएको छ । स्थानीय शिव श्रेष्ठको काठको खम्बा र जस्ताको छाना भएको गोठ आइतबार बिहान करिब ४ बजे बाढीले बगाउँदा गोठभित्र रहेका दुई वटा वयस्क राँगा र तीन वटा सुँगुरका बच्चा बगेका हुन् ।

बाढीका कारण श्रेष्ठको चार कोठे कच्ची घर तथा सोही स्थानका नारायण श्रेष्ठको तीन कोठे कच्ची घरसमेत जोखिममा परेका थिए। घटनालगत्तै प्रहरी चौकी भिरकोटबाट टोली पुगेर जोखिममा रहेका मानिसलाई सुरक्षित स्थानमा सारेको थियो ।

यस्तै, ऋषिङकै वडा नं. १ धोक्लोमा पनि पहिरोले दुई कच्ची घरमा क्षति पुऱ्याएको छ । घरभन्दा करिब १०० मिटर माथिबाट लेदोमाटोसहितको पहिरो खस्दा भित्री सडकको नाला थुनिएर पानी र लेदो घरभित्र पसेको थियो । जितबहादुर राना र डम्बरबहादुर रानाको घरमा रहेका सामान तथा लत्ताकपडा क्षति भए पनि मानवीय तथा पशुचौपाय क्षति भएको छैन। परिवारका सदस्यलाई सुरक्षित स्थानमा सारिएको प्रहरीले जनाएको छ ।



**व्यासमा घर बग्यो, धान र राइस मिलमा क्षति**

व्यास नगरपालिका–१० डिहीगाउँमा पहिरोले एक घर पूर्णरूपमा बगाएको छ। तिलबहादुर विकको इँटाले बनेको एकतले कच्ची घरभन्दा करिब ३० मिटर माथिबाट आएको पहिरोले घर पूर्णरूपमा क्षति पुऱ्याएको हो ।

पहिरोले घरमा रहेका अन्नपात, सरसामान, गरगहना तथा नगदसमेत बगाएको प्रहरीले जनाएको छ । मानवीय क्षति नभए पनि डिहीगाउँ–बैरेनी सडकखण्डमा समेत क्षति पुगेको छ । सोही क्षेत्रका सुकबहादुर दरैको पक्की घर र विष्णुबहादुर दरैको कच्ची घर पहिरोको जोखिममा छन् ।

यस्तै, व्यास नगरपालिका–१ भादगाउँ माइलीडाँडामा सुशिला पन्तले सञ्चालन गरेको ओम राइस मिलमा समेत वर्षाले क्षति पुऱ्याएको छ। कच्ची घरको पछाडिको गाह्रो भत्किँदा गोदाममा राखिएको करिब १०० बोरा धान भिजेर क्षति भएको छ ।

व्यास–५ चापाघाटस्थित तनहुँ आयल डिस्ट्रिब्युटरको पूर्वतर्फबाट पहिरो खस्दा एउटा डिजेल ट्याङ्क पहिरोले बगाएको छ । एउटा पेट्रोल ट्याङ्क तथा पेट्रोल पम्पका दुई कच्ची भवनसमेत जोखिममा परेका छन् ।

यस्तै व्यास–३ स्थित मादी नदीमा यस वर्षकै उच्च बहाव देखिएको जनाइएको छ । नदीको बहाव बढेपछि आसपासका क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ ।

यता व्यास नगरपालिका–६ चनौटे सातभाई गाउँमा अविरल वर्षाका कारण एक घरमा क्षति पुगेको छ । आइतबार बिहान करिब १० बजे नजरत अलि मियाँको ढुंगा–माटोले बनेको एकतले कच्ची घरको बायाँपट्टिको चिँम गाह्रो भत्किएको हो । घरमा क्षति भएको सूचना दिउँसो करिब १ बजे प्रहरी चौकी शिशाघाटमा प्राप्त भएपछि प्रहरी टोली घटनास्थलमा खटिएको थियो ।

प्रहरी टोलीले घटनास्थल पुगेर आवश्यक बुझाइ गरेको तथा घरका सदस्यलाई सुरक्षित स्थानमा सार्ने पहल भइरहेको प्रहरीले जनाएको छ । घटनामा मानवीय तथा चौपाया क्षतिको विवरण प्राप्त भएको छैन।

**भानुमा घर र भान्साघरमा क्षति**

भानु नगरपालिका–१३ चन्द्रावती बजारमा साबित्रा खत्रीको ढुङ्गा–माटोले बनेको तीनतले पाँचकोठे कच्ची घर वर्षाका कारण भत्किएको छ । घर बस्न नमिल्ने

बाँकी अन्तिम पेजमा

# तनहुँ कांग्रेसमा महाधिवेशन प्रतिनिधिको दौड तीव्र, क्षेत्रीय अधिवेशनको कार्यतालिका सार्वजनिक

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

नेपाली कांग्रेसको १५औँ महाधिवेशन नजिकिँदै जाँदा तनहुँमा महाधिवेशन प्रतिनिधि चयनको गतिविधि तीव्र बनेको छ । प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनबाट महाधिवेशन प्रतिनिधि चयन हुने भएकाले दुवै निर्वाचन क्षेत्रमा आकांक्षीहरु सक्रिय हुन थालेका छन् ।

मौसम प्रतिकूलताका कारण यसअघि असोज १० गतेका लागि तय गरिएको क्षेत्रीय अधिवेशनको मिति परिवर्तन गरी तनहुँमा असोज १२ र १३ गते गर्ने तयारी गरिएको छ । कांग्रेस केन्द्रीय निर्वाचन समितिले प्रतिकूल मौसम भएका क्षेत्रमा सम्बन्धित जिल्ला तथा क्षेत्रीय कार्यसमितिसँग समन्वय गरी असोज १३ गतेभित्र प्रदेश तथा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन सम्पन्न गर्न निर्देशन दिएको छ ।

तनहुँमा काठमाडौंलगायत विभिन्न स्थानमा रहेर राजनीति गर्दै आएका नेतादेखि जिल्ला समितिका पदाधिकारी तथा सदस्य, वडा तहका नेताहरु र स्थानीयस्तरका आकांक्षीहरु महाधिवेशन प्रतिनिधिका लागि



तयारीमा जुटेका छन् । क्षेत्रीय अधिवेशनले आगामी केन्द्रीय महाधिवेशनका लागि तनहुँबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि चयन गर्ने भएकाले कांग्रेसभित्रको आन्तरिक राजनीतिक गतिविधि अहिले प्रतिनिधि छनोटमा केन्द्रित भएको छ ।

नेपाली कांग्रेसको १५औँ महाधिवेशन असोज १६ देखि १९ गतेसम्म हुने केन्द्रीय निर्वाचन समितिले जनाएको छ ।

**१० पालिकामा नेतृत्व चयन**

तनहुँका चार नगरपालिका र छ गाउँपालिकासहित १० वटै स्थानीय तहमा पालिका अधिवेशन सम्पन्न भइसकेको छ । अधिवेशनबाट व्यास नगरपालिकामा तुल्सीराम सापकोटा, शुक्लागण्डकीमा कृष्णप्रसाद रेग्मी, भानुमा राजन श्रेष्ठ र भीमादमा अर्विन श्रेष्ठ सभापतिमा निर्वाचित भएका छन् ।

त्यस्तै ऋषिङ गाउँपालिकामा याम सारू मगर, घिरिङमा सुमन थापा मगर, म्याग्देमा नरसिं राना, बन्दीपुरमा परशुराम अधिकारी, देवघाटमा अर्जुन अधिकारी र आँबुखैरेनीमा सोम दर्लामी सभापतिमा चयन भएका छन् ।

कांग्रेस तनहुँका सचिव लक्ष्मीभक्त खनालका अनुसार म्याग्दे र देवघाट गाउँपालिकामा मतदानमार्फत नेतृत्व चयन भएको हो भने बाँकी आठ पालिकामा सर्वसम्मत रूपमा नेतृत्व चयन गरिएको थियो । पालिका तहमा अधिकांश स्थानमा सहमति र सहकार्यबाट नेतृत्व चयन भएको उनले बताएका छन् ।

पालिका अधिवेशन सम्पन्न

बाँकी तेश्रो पेजमा

# व्यासमा विश्व पर्यटन दिवस मनाइयो

## एआई र डिजिटल प्रविधिमार्फत पर्यटन पुन:संरचनाको बहस

**भञ्ज्याङ समाचारदाता**/दमौली

'डिजिटल एजेण्डा र एआई मार्फत पर्यटनको पुन:संरचना' भन्ने मूल नाराका साथ विश्व पर्यटन



दिवस २०२६ व्यास नगरपालिकामा विभिन्न कार्यक्रमसहित मनाइएको छ । व्यास नगरपालिका एक कार्यक्रमको आयोजना गरी पर्यटन क्षेत्रमा डिजिटल प्रविधि र कृत्रिम बौद्धिकता (एआई) को प्रयोग तथा सम्भावनाबारे छलफल गरिएको छ ।

नगर प्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा आयोजित कार्यक्रममा संविधानसभा सदस्य रामचन्द्र पोखरेल, गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठ, जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्ले, नगर उपप्रमुख इन्दिरा दरैलगायत जनप्रतिनिधि, वडा

बाँकी अन्तिम पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# विपद् आएपछि मात्र होइन, जोखिम देखिनुअघि नै तयारी

लगातार चार दिनदेखि परेको अविरल वर्षाले तनहुँको जनजीवनलाई प्रभावित बनाएको छ । बाढी र पहिरोका कारण घर, गोठ, सडक, पुल, विद्युत् तथा अन्य भौतिक संरचनामा क्षति पुगेको छ । कतिपय परिवार घरबारविहीन भएका छन् भने जोखिममा रहेका बस्तीका नागरिकलाई सुरक्षित स्थानमा सार्नुपरेको छ । अहिलेसम्म मानवीय क्षति नभएको अवस्था राहतको विषय भए पनि विपद्को जोखिम भने अझै टरेको छैन । देवघाटको सीता गुफादेखि ऋषिङको कालीगण्डकी किनारसम्म, व्यासको डिहीगाउँदेखि भानु, घिरिङ, बन्दीपुर र म्याग्देसम्मका घटनाले तनहुँमा वर्षाजन्य विपद्को स्वरूप कति व्यापक बनेको छ भन्ने देखाउँछ। धार्मिक तथा पर्यटकीय संरचनादेखि सर्वसाधारणका घरसम्म बाढी र पहिरोको असर पुगेको छ । कतै घर पूर्णरूपमा बगेका छन्, कतै घर चर्किएर बस्न नमिल्ने भएका छन् । कतै गोठसँगै पशुचौपाया बगेका छन् भने कतै अन्नपात, नगद, लत्ताकपडा र अन्य सम्पत्ति पुरिएका छन् ।

यसपटकको क्षतिले एउटा महत्वपूर्ण प्रश्न उठाएको छ- हामी विपद् आएपछि उद्धार गर्ने तयारीमा मात्र सीमित छौँ कि विपद् आउनुअघि जोखिम घटाउने प्रणाली पनि विकास गरिरहेका छौँ ? विपद्का बेला नेपाल प्रहरी, नेपाली सेना, स्थानीय तह र अन्य सरोकारवाला निकायले गरेको उद्धार तथा सडक खुलाउने काम प्रशंसनीय छ । जोखिममा रहेका परिवारलाई समयमै सुरक्षित स्थानमा सारिनु र अवरुद्ध सडकलाई तत्काल सञ्चालनमा ल्याउन पहल गरिनु राज्य संयन्त्रको सक्रियताको उदाहरण हो। तर विपद् व्यवस्थापनको सफलता केवल उद्धारमा होइन, क्षति कम गर्न सक्ने पूर्वतयारीमा पनि मापन हुनुपर्छ । तनहुँका धेरै सडक वर्षा लागेपछि पहिरोको जोखिममा पर्ने गरेका छन् । पृथ्वी राजमार्गजस्तो राष्ट्रिय महत्वको सडकमा समेत घाँसीकुवा, मौरीओडार, ठूलढुङ्गा, याम्पालगायतका क्षेत्रमा पटक-पटक पहिरो खस्नु नयाँ घटना होइन । ग्रामीण सडकको अवस्था झन् कमजोर छ । बिमाद-ऋषिङपाटन सडक, डुम्रे-बैँसीसहर सडक तथा अन्य स्थानीय सडकमा बाढी र पहिरोले आवागमन प्रभावित हुनु वर्षायामको नियमित समस्या बन्न थालेको छ ।

यसले सडक निर्माणको प्राथमिकता मात्र होइन, निर्माणको गुणस्तर र दीर्घकालीन प्राविधिक योजनामाथि पनि गम्भीर समीक्षा आवश्यक देखाउँछ । पहाड काटेर सडक बनाउने तर पानी निकास, ढल व्यवस्थापन, तटबन्ध र पहिरो नियन्त्रणको स्थायी उपाय नगर्ने प्रवृत्तिले हरेक वर्ष जोखिम बढाइरहेको छ । स्थानीय तहले सडक निर्माणसँगै भूगर्भीय जोखिमको अध्ययन र वर्षायामअघि संवेदनशील क्षेत्रको पहिचानलाई अनिवार्य बनाउनुपर्छ । नदी किनारका बस्तीको जोखिम पनि उत्तिकै गम्भीर छ । कालीगण्डकी, मर्स्याङ्दी, सेती र मादीलगायतका नदीमा पानीको बहाव बढ्दा किनारमा बसोबास गर्ने नागरिकको जोखिम बढ्छ । अझ माथिल्लो क्षेत्रमा पहिरोका कारण नदी थुनिने र अचानक पानीको बहाव बढ्ने अवस्था थप खतरनाक हुन्छ । मनाङको चामे क्षेत्रमा मर्स्याङ्दी नदी थुनिएको घटनापछि तनहुँको तल्लो तटीय क्षेत्रमा सतर्कता अपनाउन गरिएको आग्रहले नदी प्रणालीसँग जोडिएको विपद्को सीमा स्थानीय तहभन्दा धेरै फराकिलो हुने तथ्य पनि स्पष्ट गर्छ ।

अब आवश्यक कुरा भनेको जोखिम क्षेत्रको नक्सांकन हो । कुन बस्ती पहिरोको उच्च जोखिममा छन्, कुन घर स्थानान्तरण गर्नुपर्ने अवस्थामा छन्, कुन सडक वर्षायाममा बन्द हुन सक्छन् र कुन नदी किनारमा तत्काल सावधानी आवश्यक पर्छ भन्ने विवरण स्थानीय तहसँग अद्यावधिक हुनुपर्छ । जोखिम पहिचान भइसकेपछि पनि नागरिकलाई त्यही ठाउँमा बस्न बाध्य बनाइन्छ भने विपद् व्यवस्थापन अधुरो हुन्छ । विपद् व्यवस्थापनमा नागरिकको भूमिका पनि महत्वपूर्ण छ । नदी तथा खोलाको किनारमा अनावश्यक आवतजावत नगर्ने, पहिरोको जोखिममा रहेका घरमा नबस्ने, रातको समयमा जोखिमपूर्ण सडकमा यात्रा नगर्ने र स्थानीय प्रशासन तथा सुरक्षा निकायको सूचनालाई बेवास्ता नगर्ने संस्कार विकास गर्नुपर्छ । विपद् सूचना प्रणालीलाई अझ प्रभावकारी र स्थानीय समुदायसम्म छिटो पुग्ने बनाउन आवश्यक छ ।

अहिलेको वर्षाले तनहुँलाई दिएको सबैभन्दा ठूलो सन्देश यही हो- विपद् रोक्न नसकिए पनि त्यसबाट हुने क्षति भने घटाउन सकिन्छ । त्यसका लागि राहत र उद्धारसँगै जोखिम न्यूनीकरण, पूर्वसूचना, सुरक्षित बस्ती, व्यवस्थित सडक निर्माण र स्थानीय तहको दीर्घकालीन योजना आवश्यक छ । यसपटक मानवीय क्षति हुनबाट जोगिनु संयोग मात्र नबनोस् । विपद्बाट सिकेर आगामी वर्षका लागि तयारी गर्ने अवसर बनोस् । विपद् आएपछि दौडिनुभन्दा विपद् आउनुअघि जोखिम घटाउनु नै राज्य, स्थानीय तह र समुदायको साझा जिम्मेवारी हो ।

# सुषुप्त ज्ञानको जीवन्त पाठः 'बाटो नबिराउनु है !'

♦ डा. चण्डिका भट्ट

कहिलेकाहीँ जीवनमा सुनेका केही वाक्यहरु त्यतिबेला सामान्य लाग्छन्। हामी सुन्छौँ अनि आफ्नै दैनिकीमा हराउँछौँ । तर ती शब्दहरु सधैँ हराउँदैनन् । ती मनको कुनै कुनामा चुपचाप बसेका हुन्छन्- समय र परिवेशको प्रतीक्षा गर्दै ।

वर्षहरु बित्छन् । बाल्यकाल हुँदै किशोरावस्था । किशोरावस्थाबाट युवा, प्रौढ हुँदै हामी जीवनको अर्को चरणमा प्रवेश गर्छौं । हामी धेरै कुरा सिक्छौँ, धेरै अनुभव गर्छौं । अनि कुनै दिन, अप्रत्याशित घटना वा परिस्थितिले हामीलाई दशकौँअघि सुनेको त्यही एउटा वाक्य अगाडि उभ्याइदिन्छ ।

त्यतिबेला बल्ल त्यसको अर्थ खुल्छ- 'ओहो, त्यसबेला सुनेको शब्दको अर्थ त यस्तो रहेछ !' यही प्रक्रियालाई हामी 'सुषुप्त ज्ञान' भन्न सक्छौँ । कुनै समय सुनेको, देखेको वा अनुभव गरेको कुरा तत्काल सचेत ज्ञानका रूपमा नआए पनि मनको गहिराइमा सुरक्षित रहनु र उपयुक्त समय, परिस्थिति तथा अनुभवको मिलन हुँदा त्यसको अर्थ जागृत हुँदै जानु ।

मेरो जीवनमा सुनेका कैयौँमध्ये यस्तै एउटा वाक्य छ- बाटो नबिराउनु है !

**हजुरबुबाको त्यो वाक्य**

मैले जीवनमा पहिलोपटक 'बाटो नबिराउनु है !' भन्ने वाक्य हजुरबुबा स्व. तुलसीप्रसाद भट्टको मुखबाट सानैमा सुनेको हुँ। उहाँले कुन प्रसङ्गमा भन्नुभएको थियो, घटना सम्झन सक्दिनँ। तर उहाँले मलाई नै लक्षित गरेर भन्नुभएको सम्झना छ ।

त्यतिबेला त्यो वाक्य सुनेँ, तर खासै महत्व दिइनँ । बालकका लागि 'बाटो'को अर्थ नितान्त बाटो मात्रै हुन्छ । घरबाट विद्यालय जाने, पँधेरोबाट गाउँ जाने बाटो वा अन्य कुनै गन्तव्यमा पुग्ने बाटो। त्यसैले 'बाटो नबिराउनु है' वाक्यांशमा खासै अर्थ देखिनँ मैले । तर जीवनले पछि सिकाउँदै गयो- बाटो भनेको सडक मात्र होइन रहेछ । यो त जीवनको दर्शनसँग जोडिएको उक्ति पो रहेछ ।

**सामान्य यात्रामा असामान्य सम्झना**

यही पुरानो वाक्यसँग जोडिएको एउटा सानो तर अर्थपूर्ण घटना केही दिनअघि भयो। ३१ भाद्र २०८३ मा तारकेश्वर गाउँपालिकास्थित गुप्तेश्वर मन्दिरनजिके रहेको कर्मकाण्डस्थलतर्फ जानुपर्ने थियो। मेरा नजिकका नातेदारको भोटेकोशीमा आएको विनाशकारी बाढीमा परी दुःखद निधन भएको थियो । त्यहाँ हिन्दू परम्पराअनुसार गरिने कर्मकाण्ड हुँदै थियो र म त्यसतर्फ जाँदै थिएँ ।

आफ्नै सवारी साधन नभएकाले सोह्रखुट्टेबाट पठाओ लिएँ। बालाजु बाइपास पार गरेपछि केही अगाडि बढ्दा मलाई बाटो अलि फरक परेको जस्तो लाग्यो । मैले चालक भाइलाई सोधेँ, 'भाइ, अलि बाटो फरक परेन र ?'

उनले सहजै उत्तर दिए, 'होइन, यतै देखाउँछ ।'

तर मेरो मनले भने त्यो बाटो ठीक नभएको संकेत गरिरहेको थियो । हामी अघि बढिरह्यौँ । केही बेरपछि बाटो तीनवटा घरको बीचमा रहेको एउटा सानो चोकमा पुगेर टुंगियो । अब चालक भाइ स्वयं गन्तव्यतर्फ जाने बाटो कहाँबाट हो भनेर सोध्न थाले ।

त्यसपछि पुष्टि भयो- हामीले बाटो बिराएका रहेछौँ । त्यही क्षण मेरो मनमा हजुरबुबाको दशकौँ पुरानो कथन गुञ्जियो- बाटो नबिराउनु है !

मैले चालक भाइलाई मुस्कुराउँदै सोधेँ, 'भाइ, बाटो नबिराउनु है भन्ने सुन्नुभएको छ ?'

उनले हल्का मुस्कुराउँदै भने, 'सुनेको छु ।'

मैले फेरि सोधेँ, 'अब यसको अर्थ पनि त राम्ररी बुझ्नुभयो होला नि होइन?' उनले सहजै जवाफ दिए, 'राम्ररी बुझेँ ।'

त्यो छोटो संवादले हाम्रो यात्रालाई झन् अर्थपूर्ण बनाइदियो । केहीबेरअघि हामी सडकको बाटो बिराएका थियौँ । तर त्यही बाटो बिराइले दशकौँअघि हजुरबुबाले सुनाउनुभएको वाक्यांशको अर्थ खुलेर आयो । तथापि हामीले मूल गन्तव्यको बाटो बिराएका थिएनौँ ।

गन्तव्यतर्फको सही बाटो पहिल्यायौँ र गन्तव्यमा पुग्यौँ । तर मेरो मनमा भने एउटा नयाँ यात्रा सुरु भइसकेको थियो।

**बाटो भनेको के हो ?**

घर फर्किएपछि पनि 'बाटो नबिराउनु है !' भन्ने वाक्यांश मनमा घुमिरह्यो । सोचेँ- सडकको बाटो बिराउँदा त नक्सा हेर्न सकिन्छ, अरूलाई सोध्न सकिन्छ र सही बाटोतर्फ लाग्न सकिन्छ। तर जीवनको बाटो बिराइयो भने के हुन्छ ?

त्यहाँ त नक्सा पनि हुँदैन । बटुवाहरूलाई सोधेर बाटो सच्याउन पनि मिल्दैन । मानिस आफ्नो निर्णय क्षमतामै बाटो बिराउन सक्छ । सम्बन्धहरूमा बाटो बिराउन सक्छ । जिम्मेवारीमा बाटो बिराउन सक्छ । मूल्य र मान्यतामा बाटो बिराउन सक्छ ।

तसर्थ यसको अर्थ हुन्छ- आफ्नो मूल्य नबिर्सनु । आफ्नो जिम्मेवारीबाट च्युत नहुनु। सम्बन्धहरूबीच आफ्नो सम्मान नगुमाउनु । मानवीय संवेदना नगुमाउनु र आफू को हुँ भन्ने आधारभूत प्रश्नसँगको सम्बन्ध नटुटाउनु ।

अझ कठिन कुरा त के छ भने जीवनको बाटो बिराउँदा कहिलेकाहीँ आफू बाटो बिराइरहेको छु भन्ने थाहा नहुन पनि सक्छ । गलत निर्णय सहीजस्तो लाग्न सक्छ । भीडको दिशा नै सही दिशा हो भन्ने भ्रम हुन सक्छ । तत्कालको लाभलाई दीर्घकालीन हित ठान्न सकिन्छ। आफ्नो स्वार्थलाई नै सत्यको रूप दिन सकिन्छ ।




त्यसैले 'बाटो' केवल सडक होइन । बाटो दिशा हो । बाटो निर्णय हो । बाटो मूल्य हो । बाटो जिम्मेवारी हो । र, अन्ततः बाटो भविष्यतर्फको यात्रा हो । जिम्मेवारीको भारी ठूलो हुँदै जाँदा बाटोको अर्थ पनि फराकिलो हुँदै जान्छ ।

कुनै व्यक्तिले बाटो बिराउँदा त्यसको असर उसको व्यक्तिगत जीवनमा मात्र सीमित रहन सक्छ । तर जिम्मेवारी र प्रभावको दायरा जति ठूलो हुन्छ, त्यसको आयतन पनि त्यति नै फराकिलो हुन्छ ।

पाइलटले विमान उडाउँदा उसको हातमा केवल एउटा यानको नियन्त्रण हुँदैन; त्यसमा सयौँ यात्रुको जीवन र उनीहरूको गन्तव्य जोडिएको हुन्छ । उडानको दिशामा गम्भीर त्रुटि भयो र समयमै निर्णय सच्याउन सकिएन भने गन्तव्यमा नपुग्ने मात्र होइन, दुर्घटनाको जोखिमसमेत हुन सक्छ ।

बाँकी तेस्रो पेजमा

## तपाईंको आज

**मेष**
नयाँ कामको सुरूआतका हुनेछ। पारिवारिक सहयोग मिल्नेछ। व्यापार-व्यवसायमा सामान्य लाभ हुनेछ।

**वृष**
प्रेम सम्बन्धमा समझदारी बढ्नेछ। स्वास्थ्यमा भने खानपानमा ध्यान दिनु उचित हुनेछ।

**मिथुन**
आर्थिक पक्ष मजबुत बन्ने संकेत देखिन्छ। वैदेशिक क्षेत्रबाट शुभ समाचार प्राप्त हुन सक्छ।

**कर्कट**
कार्यक्षेत्रमा प्रतिस्पर्धा बढ्न सक्छ। खर्च बढ्ने भएकाले बजेट व्यवस्थापनमा ध्यान दिनुहोस्।

**सिंह**
मन प्रसन्न रहने दिन छ। पारिवारिक वातावरण सुखद रहनेछ। सामाजिक प्रतिष्ठा बढ्ने सम्भावना छ।

**कन्या**
व्यवसायमा लाभको संकेत छ। आफन्तसँगको सम्बन्ध प्रगाढ बन्नेछ। कार्यक्षेत्रमा जिम्मेवारी बढ्न सक्छ।

**तुला**
भाग्यले साथ दिनेछ। धार्मिक तथा सामाजिक कार्यमा सहभागी हुने अवसर मिल्नेछ।

**वृश्चिक**
काममा ढिलासुस्ती हुनेछ। विवादबाट टाढा रहनु राम्रो हुनेछ। आफन्तको सहयोगले कठिन काम सहज बन्नेछ।

**धनु**
आर्थिक उन्नतिको सम्भावना छ। व्यापारमा नयाँ अवसर प्राप्त हुनेछ। दाम्पत्य जीवन सुखद रहनेछ।

**मकर**
आत्मविश्वास बढ्ने दिन छ। कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुनेछ। पुराना साथीभाइसँग भेटघाट हुन सक्छ।

**कुम्भ**
नयाँ जिम्मेवारी आउन सक्छ। व्यापार-व्यवसायमा सुधार आउनेछ। पारिवारिक सुख प्राप्त हुनेछ।

**मीन**
सोचेजस्तो परिणाम प्राप्त गर्न केही मेहनत गर्नुपर्नेछ। आर्थिक पक्ष सामान्य रहनेछ। वैदेशिक काममा प्रगति हुनेछ।

# सुषुप्त ज्ञानको जीवन्त ........

पानीजहाजको कप्तानको अवस्था पनि त्यस्तै हो । समुद्र विशाल हुन्छ, तर सही दिशा गुम्यो भने जहाज चट्टान, आँधी वा अन्य जोखिमतर्फ पुग्न सक्छ। कप्तानको निर्णयले आफूलाई मात्र होइन, जहाजमा सवार सबैको जीवनलाई प्रभावित गर्छ । तर यी उदाहरणभन्दा पनि अझ गहिरो प्रभाव पर्ने अन्य क्षेत्र पनि छन् । तीमध्ये शिक्षा, राजनीति र पारिवारिक क्षेत्रलाई प्रतिनिधिमूलक रूपमा प्रस्तुत गरिएको छ ।

**शिक्षा र शिक्षक**

शिक्षकले बाटो बिराउँदा सयौँ, हजारौँ, लाखौँ विद्यार्थीको भविष्य प्रभावित हुन सक्छ । शिक्षकको गलत धारणा, पक्षपातपूर्ण व्यवहार, सिकाइप्रतिको उदासीनता, विद्यार्थीको सम्भावना नचिन्ने प्रवृत्ति वा ज्ञानभन्दा डरलाई प्राथमिकता दिने संस्कृतिले एउटा बालकको आत्मविश्वासमा गहिरो प्रभाव पार्न सक्छ ।

त्यो प्रभाव कक्षाकोठामा मात्रै सीमित हुँदैन । आजको विद्यार्थी नै भोलिको शिक्षक, चिकित्सक, इन्जिनियर, प्रशासक, उद्यमी, अभिभावक, सामाजिक कार्यकर्ता वा नेता बन्ने हो । त्यसैले- शिक्षकको बाटो वास्तवमा पुस्ता निर्माणको बाटो हो । शिक्षक सही दिशामा हिँड्दा ज्ञानसँगै विवेक, प्रश्न गर्ने साहस, सहिष्णुता, नैतिकता एवं मानवीय संवेदना पनि पुस्तान्तरण हुन सक्छ।

तर शिक्षक आफैँ दिशाहीन भयो भने त्यसको प्रभाव एउटा विद्यार्थीको भविष्यमा मात्र सीमित नरहन सक्छ । प्रकारान्तरले समाजको बौद्धिक, नैतिक र मानवीय भविष्यमा समेत त्यसको प्रभाव पर्न जान्छ ।

**राजनीतिले बाटो बिराउँदा**

राजनीतिक दल र नेतृत्वले गर्ने निर्णयको प्रभाव व्यक्तिगत जीवनभन्दा धेरै परसम्म फैलिएको हुन्छ । उनीहरूले रोज्ने नीति, प्राथमिकता, मूल्य र शासनको दिशा गलत भयो भने त्यसको परिणाम व्यक्ति वा पुस्तामा मात्र सीमित रहँदैन । विकासको गति प्रभावित हुन सक्छ, संस्थागत विश्वास कमजोर हुन सक्छ, सामाजिक सम्बन्धमा तनाव बढ्न सक्छ र देशले विकास, सभ्यता तथा समृद्धिको यात्रामा अपेक्षित गति गुमाउन सक्छ ।

राजनीतिमा 'बाटो बिराउनु' भन्नाले कुनै एउटा निर्णय गलत हुनु मात्र होइन । सार्वजनिक हित, उत्तरदायित्व र दीर्घकालीन राष्ट्रिय उद्देश्यबाट क्रमशः विचलित हुनु पनि बाटो बिराउनु हो । जब नेतृत्वले दीर्घकालीन हितभन्दा तत्कालीन स्वार्थलाई प्राथमिकता दिन थाल्छ, बाटोको एउटा सानो विचलन समयसँगै ठूलो सामाजिक परिणाममा परिणत हुन सक्छ ।

त्यसैले राजनीतिमा पनि प्रश्न उही हो- हामी कहाँ जाँदैछौँ ? र, हामीले देशलाई कहाँ लैजाँदैछौँ?

तर बाटो बिराउनु अन्त्य होइन यहाँ एउटा महत्त्वपूर्ण प्रश्न उठ्छ- के मानिसले कहिल्यै बाटो बिराउनु हुँदैन ?

यसको उत्तर त्यति सरल छैन। पाइलटले पनि आकस्मिक परिस्थिति सामना गर्न सक्छ। कप्तानले पनि प्रतिकूल मौसम भेट्न सक्छ। शिक्षकले पनि आफ्नै कमजोरी पहिचान गर्न सक्छ । नेतृत्वले पनि गलत निर्णय लिन सक्छ । परिवारको जिम्मेवार व्यक्ति पनि कठिन मोडमा चुक्न सक्छ । मानिस हुनुको अर्थ नै गल्ती गर्दै अघि बढ्नु हो ।

महत्त्वपूर्ण प्रश्न त्यसपछि सुरू हुन्छ- गल्ती थाहा पाएपछि के गरिन्छ ? गलत बाटोमा हिँड्दैछु भन्ने बोध भएपछि के गर्ने? आफ्नो निर्णयमाथि पुनर्विचार गर्ने कि त्यसैलाई सही साबित गर्न भगीरथ प्रयत्न गर्ने? अरूलाई दोष दिने कि आफूले बाटो सच्याउने?

सायद 'बाटो नबिराउनु'को सबैभन्दा गहिरो अर्थ कहिल्यै गल्ती नगर्नु होइन; बाटो बिराएको थाहा पाएपछि सही बाटोमा फर्कने विवेक जोगाइराख्नु पनि हो । बाटो बिराउनु कहिलेकाहीँ सिकाइ पनि बन्न सक्छ- यदि त्यसबाट हामीले आफ्नो दिशा सच्याउन सिक्यौँ भने ।

आज आएर हजुरबुबाको त्यो पुरानो वाक्यलाई सम्झँदा लाग्छ- उहाँले मलाई सडकको बाटो मात्र देखाउनुभएको होइन रहेछ । उहाँले अनजानमै जीवनको एउटा गहिरो दर्शन सिकाउनुभएको रहेछ।

**बाटो नबिराउनु है !**

अर्थात, आफ्नो मूल्य नबिर्सनु। जिम्मेवारीबाट नभाग्नु । सम्बन्धको सम्मान नगुमाउनु । अरूलाई हानि पुऱ्याएर आफ्नो गन्तव्य नखोज्नु। भीडको पछि लागेर आफ्नो विवेक नगुमाउनु । र, आफू को हुँ भन्ने आधारभूत प्रश्नसँग साक्षात्कार गरिरहनु । अझ महत्त्वपूर्ण कुरा- तपाईं जहाँ हुनुहुन्छ, तपाईंसँग जोडिएका मानिसहरूलाई कुन दिशातर्फ डोऱ्याउँदै हुनुहुन्छ भन्ने पनि सम्झिरहनु । किनकि हामी सबै कसै न कसैका लागि बाटो देखाउने मानिस पनि हौँ ।

अभिभावक आफ्ना सन्तानका लागि । शिक्षक विद्यार्थीका लागि। नेता नागरिकका लागि । जिम्मेवार व्यक्ति परिवारका लागि । र, हरेक पुस्ता आउने पुस्ताका लागि ।

**पुस्तान्तरण हुँदै जाने ज्ञानको गोरेटो**

हामीले सुनेको कुरा हराउँदैन; केवल त्यसको अर्थ जाग्न समय लाग्छ । हाम्रो समाजमा विस्तारित धेरै ज्ञान पुस्तकबाट मात्रै पुस्तान्तरण हुँदैन । हाम्रा अग्रजहरूले जीवन जिएर, व्यवहार गरेर र कहिलेकाहीँ दुई-चार शब्दमा व्यक्त गरेका ज्ञान पनि अर्को पुस्तामा हस्तान्तरण भइरहेका हुन्छन् ।

सत्य बोल्नु, अरूलाई दुःख नदिनु, मेहनत गर्न नछोड्नु, ठूलालाई सम्मान गर्नु, सानालाई माया गर्नु, आफ्नो जिम्मेवारी पूरा गर्नु आदि । यी वाक्यहरु सुन्दा सामान्य लाग्छन् । तर तिनको वास्तविक अर्थ जीवनका कठिन मोडमा पुगेर मात्र खुल्छ । यस अर्थमा परिवार, समाज र समुदाय आफैँमा ज्ञान परम्परा हस्तान्तरण गर्ने विद्यालय रहेछन् ।

त्यहाँ पाठ्यपुस्तक कम हुन्छन् तर जीवनका उदाहरण धेरै हुन्छन्। परीक्षा लिखित हुँदैन तर परिस्थितिले बारम्बार परीक्षा लिन्छ।

आजको पुस्ताले नयाँ ज्ञान, नयाँ प्रविधि र नयाँ जीवनशैली सिक्नु आवश्यक छ । समाज परिवर्तनशील छ; पुराना सबै कुरा जोगाउनुपर्छ भन्ने पनि होइन । तर परिवर्तनसँगै पुस्ताैंदेखि हस्तान्तरण हुँदै आएका असल जीवनमूल्य, मानवीयता, जिम्मेवारी र सम्बन्धको चेतना हराउनु हुँदैन।

संस्कार केवल विगतको सम्झना होइन; त्यो एउटा पुस्ताले अर्को पुस्तालाई हस्तान्तरण गर्ने जीवनबोध पनि हो । बाटो बिराउनु पनि सिकाइ हुन सक्छ- बाटो बिराउनु पनि पाठ हुन सक्छ । त्यसैले बाटो बिराउनु अन्त्य होइन।

हामी सबै कहिलेकाहीँ बाटो बिराउँछौँ । निर्णयमा, सम्बन्धमा, पेशामा, सोचमा वा जीवनको प्राथमिकतामा । महत्त्वपूर्ण कुरा सायद कहिल्यै बाटो नबिराउनु मात्र पनि होइन, बाटो बिराएको थाहा पाएपछि सही बाटो खोज्ने चेतना जीवित राख्नु हो ।

सायद यही कारणले त्यो दिनको सानो घटनाले मलाई यति धेरै सोच्न बाध्य बनायो । दशकौँअघि हजुरबुबाको मुखबाट निस्किएको एउटा सामान्य वाक्य मेरो मनमा सुषुप्त भएर बसेको रहेछ । त्यसको अर्थ त्यतिबेलासम्म जागेन या खुलेन । तर समय, परिस्थिति र अनुभवले एकै ठाउँमा ल्याइदिएपछि त्यो ज्ञान अचानक जीवित भयो ।

त्यसैले मलाई लाग्छ, ज्ञान सधैँ पुस्तकका पानामा मात्र हुँदैन। कहिलेकाहीँ ज्ञान हजुरबुबाको मुखबाट निस्किएको वाक्यमा हुन्छ। कहिलेकाहीँ आमाको सल्लाहमा हुन्छ । कहिलेकाहीँ बुबाको मौन व्यवहारमा हुन्छ । कहिलेकाहीँ शिक्षकको एउटा वाक्यमा हुन्छ । कहिलेकाहीँ जीवनले दिएको असफलतामा हुन्छ । र, कहिलेकाहीँ गलत मोडमा पनि हुन्छ ।

सायद सुषुप्त ज्ञान त्यही हो । हामीभित्र सुरक्षित रहेको तर अझै पूर्ण रूपमा जागृत नभएको जीवनबोध, जसलाई समय र अनुभवले कुनै दिन अर्थपूर्ण रूपमा जगाइदिन्छ ।

**अन्तिम कुरा**

त्यो दिनको यात्रा धेरै लामो थिएन । एउटा पठाओ, एउटा चालक, एउटा गलत मोड र एउटा छोटो गन्तव्य । तर त्यस छोटो यात्राले मेरो बाल्यकालदेखि आजसम्मको जीवनलाई जोडिदियो। हजुरबुबाको आवाज र आजको सडक एउटै क्षणमा आएर भेटिए। दशकौँअघि सुनेको एउटा वाक्यले आज आएर आफ्नो अर्थ खोल्यो।

सायद जीवन पनि यस्तै रहेछ। हामीले सुनेका सबै कुरा तत्काल बुझ्न सक्दैनौँ । देखेका सबै कुराको अर्थ तत्काल खुल्दैन । भोगेका सबै अनुभवको पाठ पनि त्यही क्षण पढ्न सकिँदैन । कतिपय ज्ञान मनभित्र सुषुप्त भएर बस्छ ।

र, समय त्यसको शिक्षक बन्छ। अनुभव त्यसको पाठ्यपुस्तक बन्छ। परिस्थिति त्यसको परीक्षा बन्छ । र, कुनै एउटा क्षण त्यसको अर्थ खोल्ने ढोका बन्छ ।

मेरो जीवनमा त्यो ढोका एउटा गलत मोड बनेर आयो । र, त्यसले मलाई फेरि हजुरबुबाको आवाज सुनायो- बाटो नबिराउनु है ! अब त्यो वाक्यांश मेरा लागि सडकमा मात्र सीमित रहेन । व्यक्तिले बाटो बिराउँदा उसको जीवन प्रभावित हुन्छ । शिक्षकले बाटो बिराउँदा पुस्ताको भविष्य प्रभावित हुन सक्छ । नेतृत्वले बाटो बिराउँदा समाज र राष्ट्रको दिशा प्रभावित हुन सक्छ ।

र, अन्ततः सबै प्रश्नहरु मोडिने आफैँतर्फ हो- हामी कुन बाटोमा छौँ ? हामी कहाँ पुग्न खोज्दैछौँ? र, हामीसँगै हिँडिरहेका मानिसहरूलाई कुन दिशातर्फ लैजाँदैछौँ? गल्ती भयो भने फर्कौंला। दिशा हरायो भने फेरि खोजौँला । तर आफ्नो विवेक, मानवीयता र जिम्मेवारीको बाटोमा नहराऔँ ।

किनभने 'बाटो नबिराउनु है' भनेको सडकको मात्र होइन, सम्बन्धको पनि, जिम्मेवारीको पनि, मूल्यको पनि, र सबैभन्दा ठूलो कुरा- जीवनको पनि हो ।

रातोपाटीबाट

*(दुल्लभ मावि, रेडन कलेजका पूर्वप्राचार्य डा. भट्ट कोभेन्ट्री विश्वविद्यालय ग्रुप, बेलायतमा प्राध्यापन गर्छन् ।)*

www.bhanjyangnews.com


# मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**असोज १७ गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा


# तनहुँ कांग्रेसमा महाधिवेशन ....

भएपछि अब प्रदेशसभा क्षेत्रीय अधिवेशन, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन हुँदै जिल्ला अधिवेशनतर्फ पार्टीको ध्यान केन्द्रित भएको छ ।

**वडा नेतृत्वमा महिला शून्य**

तनहुँ कांग्रेसको वडा अधिवेशनले भने पार्टीको तल्लो तहको नेतृत्वमा महिलाको प्रतिनिधित्वसम्बन्धी अर्को तथ्य पनि देखाएको छ । जिल्लाका १० वटै स्थानीय तहका ८५ वडामै पुरूष सभापति चयन भएका छन् ।

व्यासका १४, शुक्लागण्डकीका १२, भीमादका ९, भानुका १३, देवघाटका ५, आँबुखैरेनीका ६, ऋषिङका ८, घिरिङका ५, म्याग्देका ७ र बन्दीपुरका ६ वडामा सभापति चयन भएका हुन् ।

यसरी वडा तहको नेतृत्वमा एक जना पनि महिला सभापति नआउनुले कांग्रेस तनहुँको संगठनात्मक संरचनामा लैङ्गिक प्रतिनिधित्वको अवस्थाबारे प्रश्न उठाएको छ । वडा तहलाई पार्टी संगठनको आधारभूत संरचना मानिने भएकाले नेतृत्व चयनको यो परिणामलाई पार्टीभित्र महिला सहभागिताको दृष्टिले समेत हेर्न थालिएको छ ।

**क्षेत्रीय अधिवेशनको कार्यक्रम सार्वजनिक**

क्षेत्रीय अधिवेशनबाट प्रदेश प्रतिनिधि तथा क्षेत्रीय कार्यसमिति चयनको प्रक्रियासमेत अघि बढ्नेछ। निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता विष्णुप्रसाद शर्माले प्रकाशित गरेको कार्यक्रमअनुसार असोज १२ गते मतदाता नामावली प्रकाशन, दाबी-विरोध, उम्मेदवारी दर्ता तथा उम्मेदवारको अन्तिम नामावली प्रकाशनलगायत प्रक्रिया पूरा गरिनेछ ।

निर्वाचन कार्यक्रमअनुसार सोमबार बिहान १०:३० बजेदेखि दिउँसो १:३० बजेसम्म उम्मेदवारी दर्ता हुनेछ । त्यसपछि उम्मेदवारको प्रथम तथा दोस्रो नामावली प्रकाशन, दाबी-विरोध र उम्मेदवारी फिर्ताको प्रक्रिया पूरा गरी साँझ ५ बजे अन्तिम नामावली प्रकाशन गरिनेछ ।

असोज १३ गते बिहान ८ बजेदेखि दिउँसो २ बजेसम्म मतदान हुनेछ । क्षेत्र नं. १ को मतदान दमौली सभाहल र क्षेत्र नं. २ को मतदान बेलचौतारा सामुदायिक भवनमा हुने तय गरिएको छ । मतदान सकिएलगत्तै मतगणना गरी परिणाम घोषणा गर्ने कार्यक्रम छ ।

**प्रतिनिधि छनोटसँगै बढ्दैछ आन्तरिक प्रतिस्पर्धा**

यस्तै, क्षेत्रीय अधिवेशनमा महाधिवेशन प्रतिनिधि बन्ने आकांक्षीको संख्या बढ्दै जाँदा तनहुँ कांग्रेसभित्र आन्तरिक प्रतिस्पर्धा पनि तीव्र हुने देखिएको छ । विभिन्न क्लस्टर तथा समूहबाट आकांक्षीहरूले आफ्नो पक्षमा समर्थन जुटाउने प्रयास गरिरहेका छन् ।

यसअघि वडा र पालिका तहमा बनेका समीकरण, सहमति र नेतृत्व चयनको प्रभाव क्षेत्रीय अधिवेशनमा समेत पर्न सक्ने भएकाले प्रतिनिधि छनोटलाई कांग्रेसको आगामी जिल्ला तथा केन्द्रीय नेतृत्वका लागि महत्वपूर्ण चरणका रूपमा हेरिएको छ ।

तर, क्षेत्रीय अधिवेशनअघिसम्म उम्मेदवारहरूको अन्तिम सूची सार्वजनिक नभइसकेकाले कुन क्षेत्रमा कति आकांक्षी मैदानमा रहने भन्ने यकिन भइसकेको छैन । उम्मेदवारी दर्ता र नाम फिर्ताको प्रक्रिया पूरा भएपछि मात्रै प्रतिस्पर्धाको वास्तविक चित्र स्पष्ट हुनेछ ।

कांग्रेस केन्द्रीय निर्वाचन समितिले वर्षाका कारण प्रभावित क्षेत्रमा अधिवेशन प्रक्रिया अघि बढाउन स्थानीय अवस्थाअनुसार आवश्यक समन्वय गर्न निर्देशन दिएको छ ।

यससँगै तनहुँ कांग्रेसको अबको राजनीतिक गतिविधि १० पालिकाबाट प्रतिनिधिसभाका दुई निर्वाचन क्षेत्रतर्फ सरेको छ । क्षेत्रीय अधिवेशनबाट चयन हुने प्रतिनिधि र क्षेत्रीय नेतृत्वले असोज १६ देखि १९ गतेसम्म हुने १५औँ महाधिवेशनमा तनहुँको प्रतिनिधित्व गर्नेछन् ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।


## जडिबुटी प्रशोधन (गुजरगानो र चुत्रो) उद्योग सञ्चालन कार्यको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन माथि सार्वजनिक सुनुवाईको लागि आव्हान गरिएको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/१२ गते**

गण्डकी प्रदेश तनहुँ जिल्ला, आँवुखैरेनी-२, मार्कीचोकमा **एन.एल. बायो टेक्नोलोजी प्रा.लि. आँवुखैरेनी-२ तनहुँ**द्वारा **जुडिबुटी प्रशोधन (गुजरगानो र चुत्रो) उद्योग** सञ्चालन कार्यको प्रस्ताव गरिएको छ । गण्डकी प्रदेश सरकारद्वारा जारी गरिएको प्रदेश वातावरण संरक्षण नियमावली २०७९ को नियम ७ अनुसार उद्योग सञ्चालन गर्ने क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, साँस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न तयार गर्न लागिएको प्रतिवेदन बारे राय सुझाव संकलन गर्नुपर्ने भएकोले स्थानीय जनता, संघ संस्थाको प्रतिनिधिहरू तथा सरोकारवालाहरू र प्रस्तावक निकायको प्रतिनिधिहरूको बीच **सार्वजनिक सुनुवाई** कार्यक्रमको आयोजना गरिएकोले निम्न मिति, समय, स्थानमा सम्बन्धित सबै सरोकारवाला महानुभावहरूको सहभागिताको लागि अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**

**मिति** : २०८३/०६/१९ गते विहान ११:३० बजे
**स्थान** : वडा नं. २ को वडा कार्यालयको सभागृह, आँवुखैरेनी गाउँपालिका, तनहुँ ।
**आयोजक** : एन.एल. बायो टेक्नोलोजी प्रा.लि., आँवुखैरेनी-२, तनहुँ गडण्डकी प्रदेश ।
**इमेल** : phurniasherpa501@gmail.com **फोन नं.** : ९८०३५९१७५१

**परामर्श दाताको नाम र ठेगाना** : एकीकृत सिर्जनशील नेपाल
**इमेल** : iinepal2072@gmail.com **फोन नं.** : ९८४४०२९०००

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ असोज १२ गते सोमबार September 28, 2026



घिरिङ-३ कुवादीमा अविरल वर्षाका कारण मनबहादुर सार्कीको ढुङ्गा-माटोले बनेको दुईतले कच्ची घर भत्किएपछि अवस्था नियाल्दै घटनास्थल पुगेका एक प्रहरी । *तस्विर : भञ्ज्याङ*

# बाढीपहिरोले तनहुँमा व्यापक .........

गरी चर्किएको र परिवारका लागि वैकल्पिक बासको व्यवस्था गरिएको प्रहरीले जनाएको छ ।

भानु-२ शिवालय टोलमा विक्रम परियार र राजन सुनारको कच्ची घरमा घर पछाडिबाट आएको लेदोमाटोसहितको पहिरोले क्षति पुऱ्याएको छ । दुवै परिवारलाई सुरक्षित स्थानमा सारिएको छ ।

भानु-१३ दूलोढुङ्गामा हस्तमाया गुरुङको जस्ताको छाना भएको भान्साघर पनि पहिरोले पूर्णरूपमा क्षति भएको छ । भान्साघरभित्र रहेका अन्नपात तथा भाँडावर्तनसमेत पुरिएका छन् ।

यस्तै, भानु-१३ बरखोलामा राजु गुरुङको घरसमेत पहिरोको जोखिममा परेको छ । घर अगाडिको बरन्डा चर्किएपछि घर जोखिममा परेको प्रहरीले जनाएको छ ।

**घिरिङ दुईतले घर पूर्णरूपमा क्षति**

घिरिङ गाउँपालिका-३ कुवादीमा अविरल वर्षाका कारण मनबहादुर सार्कीको ढुङ्गा-माटोले बनेको दुईतले कच्ची घर भत्किएर पूर्णरूपमा क्षति भएको छ । आइतबार राति करिब १ बजे घर भत्किँदा मानवीय क्षति नभए पनि कुखुरा मरेका छन् भने अन्नपात, फर्निचर, भाँडावर्तन तथा लत्ताकपडा पुरिएका छन् । घरका सदस्यलाई समयमै सुरक्षित स्थानमा सारिएको प्रहरीले जनाएको छ ।

**बन्दीपुरमा घर र राजमार्ग दुवै जोखिममा**

बन्दीपुर गाउँपालिका-४ ढूलढुङ्गामा निरज श्रेष्ठको एकतले कच्ची घरको पछाडिबाट करिब १० मिटर माथिबाट पहिरो खस्दा घरमा आंशिक क्षति पुगेको छ। परिवारका सदस्यलाई सुरक्षित स्थानमा सारिएको छ । सोही वडाको फुर्के टोलमा कौसिला शर्माको घर पछाडिबाट माटो बगेर स्टोर घरतर्फ सरेपछि घर जोखिममा परेको छ ।

बन्दीपुर-४ चुनपहरास्थित पृथ्वी राजमार्गमा सडक माथिबाट ढुङ्गामाटोसहित पहिरो खस्दा दुईतर्फी सडक अवरुद्ध भएको थियो । यस्तै बन्दीपुर-५ ढापमा मर्स्याङ्दी रिसोर्टमाथिबाट पहिरो खस्दा पृथ्वी राजमार्ग प्रभावित भएको थियो ।

**म्याग्देमा घर र प्रहरी चौकी जोखिममा**

म्याग्दे गाउँपालिका-१ मिलनचौतारीमा श्रीमाया थापाको ब्लक र सिमेन्टबाट बनेको घरको पूर्वतर्फको आँगनमा पहिरो गएपछि घर जोखिममा परेको छ ।

म्याग्दे-४ थर्पुस्थित प्रहरी चौकी थर्पुको आँगनको पूर्वपट्टिको भाग चिरा परेर भासिएको छ । पश्चिमतर्फको पर्खालसमेत दबिएका कारण कार्यालय भवन जुनसुकै बेला जोखिममा पर्न सक्ने अवस्था रहेको प्रहरीले जनाएको छ ।

**सडक सञ्जालमा पनि व्यापक असर**

अविरल वर्षाका कारण तनहुँका मुख्य तथा ग्रामीण सडकमा पहिरो र बाढीले यातायात प्रभावित भएको छ । पृथ्वी राजमार्गअन्तर्गत व्यास नगरपालिका-१२ घाँसीकुवा र म्याग्दे गाउँपालिका-६ मौरीओडारमा



लेदोसहितको पहिरो खस्दा राजमार्ग अवरुद्ध भएको थियो । नेपाली सेनाको कालीभञ्जन गण (ई) बाट खटिएको टोलीले स्थानीय तहसँगको समन्वयमा पहिरो हटाएपछि सडक पुनः सञ्चालनमा आएको छ । आँबुखैरेनी गाउँपालिका-२ ऐनापहरा, बन्दीपुर-४ ढूलढुङ्गा, बन्दीपुर-५ याम्पा, व्यास-१२ छिर्कने तथा घाँसीकुवा क्षेत्रमा पनि पहिरो तथा सडक जोखिमका घटना भएका छन्।

यस्तै, भानु नगरपालिका-१ अमिलीपाटामा डुम्रे-बैँसीसहर सडकखण्डमा सडकभन्दा करिब ५० मिटर माथिबाट हिलो, माटो र चिलाउनेको रुख खस्दा दुवैतर्फी सडक अवरुद्ध भएको थियो । प्रहरी तथा सम्बन्धित निकायको पहलमा पहिरो र रुख हटाएपछि सडक सञ्चालनमा आएको छ ।

भिमाद नगरपालिका-५ वानट्याङ खोला नजिक अस्थायी तारजाली कल्भर्ट आसपास पक्की सडक बगेपछि भिमाद-ऋषिङपाटन सडकखण्ड अवरुद्ध भएको छ । सोही वडाको अड्डाइसमा सडक माथिबाट पहिरो खस्दा सडक पूर्णरूपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ ।

**शुक्लागण्डकीमा पुलमा पानीको बहाव**

शुक्लागण्डकी नगरपालिका-२ गाछेपानी र वडा नं. ८ पुल्चोक जोड्ने सहायक पुलमा सेती नदीको पानीको बहाव बढेपछि पुलको दायाँबायाँबाट पानी बगेको छ । त्यसका कारण उक्त सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको छ । पुलमा क्षति नपुगे पनि नदी किनारका बस्ती तथा आवतजावत गर्ने सर्वसाधारणलाई सतर्क रहन आग्रह गरिएको छ । करिब ५०० मिटर तल रहेको मुख्य पुलबाट भने आवतजावत भइरहेको प्रहरीले जनाएको छ ।

**कालीगण्डकीमाथि निर्माणाधीन पुलमा क्षति**

ऋषिङ गाउँपालिका-४ मधुवन र नवलपुरको बुलिङटार गाउँपालिका-डेढगाउँ, कोखे-अखला जोड्ने निर्माणाधीन पक्की पुलका निर्माण सामग्री कालीगण्डकी नदीमा आएको बाढीले बगाएको छ । घटनास्थलमा प्रहरी टोली खटिएर क्षतिको विवरण संकलन गरिरहेको छ ।

**मर्स्याङ्दी किनारमा उच्च सतर्कता**

मनाङको चामे क्षेत्रमा पहिरो खसेर मर्स्याङ्दी नदी थुनिएको र आंशिक रूपमा पुनः बग्न थालेको सूचना आएपछि तनहुँ प्रहरीले नदीको तल्लो तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । नदीको बहाव अचानक बढ्न सक्ने सम्भावनालाई ध्यान दिँदै मर्स्याङ्दी नदी किनार तथा आसपासका बस्तीका बासिन्दालाई नदी किनारमा नजान, सुरक्षित स्थानमा रहन र सम्भावित जोखिमप्रति सजग रहन प्रहरीले अनुरोध गरेको छ ।

**प्रहरी नेतृत्वबाट जोखिम क्षेत्रको अनुगमन**

अविरल वर्षाका कारण जिल्लाका विभिन्न स्थानमा पुगेको क्षति तथा सम्भावित जोखिमको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी उपरीक्षक टेकबहादुर कार्कीले स्थलगत अनुगमन गरेका छन् ।

प्रहरी उपरीक्षक कार्कीको कमाण्डमा ११ जनाको प्रहरी टोलीले मुग्लिङ-पोखरा सडकखण्डअन्तर्गत पृथ्वी राजमार्गका विभिन्न जोखिमयुक्त क्षेत्रको निरीक्षण गरेको थियो । टोलीले आँबुखैरेनी-२ ऐनापहरा, बन्दीपुर-४ ढूलढुङ्गा, बन्दीपुर-५ याम्पा, व्यास-५ आयल घाँसीकुवा, व्यास-१२ छिर्कने तथा डिस्ट्रिब्युटर क्षेत्र, म्याग्दे-१ बरचौर, प्रहरी चौकी थर्पु तथा शुक्लागण्डकी-७ शेरटारलगायतका क्षेत्रको अनुगमन गरेको जनाइएको छ ।

अनुगमनका क्रममा प्रहरी उपरीक्षक कार्कीले जोखिमयुक्त स्थानमा उच्च सतर्कता अपनाउन, आवश्यक सुरक्षा व्यवस्था मिलाउन तथा विपद् आइपरे तत्काल उद्धार र राहतमा परिचालित हुन प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन्।

**उद्धार, सडक खुलाउने र जोखिम न्यूनीकरणमा प्रहरी परिचालन**

जिल्लाका विभिन्न स्थानमा पहिरो, बाढी तथा घर जोखिमका घटना भएपछि नेपाल प्रहरीका टोलीहरु निरन्तर परिचालन भइरहेका छन् । जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा सार्ने, अवरुद्ध सडक खुलाउने, क्षतिको विवरण संकलन गर्ने तथा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने काम भइरहेको प्रहरीले जनाएको छ ।

लगातार वर्षाका कारण अझै पनि नदी तथा खोलाको बहाव बढ्न सक्ने, पहिरो जाने तथा कमजोर संरचना भत्किन सक्ने जोखिम रहेकाले जिल्लावासीलाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ । प्रहरीले विशेषगरी नदी तथा खोला किनार, पहिरोको जोखिम भएका बस्ती र सडक क्षेत्रमा अनावश्यक आवतजावत नगर्न तथा जोखिम देखिए तत्काल सुरक्षित स्थानतर्फ जान अनुरोध गरेको छ।

## facebook twitter



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

नेपालको राजनीतिले कहिल्यै पनि नागरिकको भाषा बोलेन । नेपालको कर्मचारीले कहिल्यै पनि नागरिकको सेवा गरेन । नेपालको न्यायालयले कहिल्यै पनि नागरिकलाई न्याय दिएन । त्यसैले गर्दा नेता, कर्मचारी र न्यायाधिश पत्रिदा कसको समर्थन गर्ने र कसको विरोध गर्ने भन्ने सवाल नै बढो द्विविधाग्रस्त छ। झन् सुदन गुरुङ गृहमन्त्री भएपछि त नेपालमा अपराधी भनेकै उसकै विरोधी मात्र हो भन्ने अर्थ लाग्न थाल्यो।



**Tara Nath Dahal**
x.com/tndahal7

स्वर्णीम वाग्ले, विश्व पौडेल र गुणाकर भट्टको टिमले उकास्न र चलायमान गर्न नसकेको अर्थतन्त्र र विकास प्रशासनको स्थितिले बिस्तारै निराशा बढाउन थालेको छ !
बालेन्द्र शाह र सुदन गुरुङले बसाउन नसकेको सुशासनको थितिको त खै के चर्चा गर्नु र ? विपत्तिले बटुलेको सहानुभूतिले कति दिन धान्ने हो?



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

**समाज, राजनीति र राज्य**
राजनीति र राज्य समाजकै जगमा उभिन्छन्। इतिहासबोध, संस्कृति, सामाजिक विश्वास र साझा मूल्य-मान्यताजस्ता आधारहरु कमजोर हुँदै जाँदा समाजले आफ्नो लय गुमाउन थाल्छ। नागरिकबीच तथा नागरिक र राज्यबीचको विश्वास घट्छ; सामूहिक हितभन्दा व्यक्तिगत र गुटगत स्वार्थ हावी हुन्छ। यसको सीधा असर राजनीतिमा पर्छ। राजनीति विचार र दिशाभन्दा सत्ता र स्रोतको खेलमा सीमित हुन्छ, र अन्ततः राज्य प्रणालीसमेत कमजोर बन्छ ।
तर यो सम्बन्ध एकतर्फी मात्र होइन । अस्थिर, भ्रष्ट र जवाफदेहिताविहीन राजनीतिले पनि सामाजिक सम्बन्ध र मूल्य-मान्यतालाई थप स्खलित बनाउँछ । यसरी समाज, राजनीति र राज्यको कमजोरीको दुष्चक्र झन् जब्बर बन्दै जान्छ। यो दुष्चक्र तोड्ने ठाउँ पनि यही अन्तरसम्बन्धमै छ। विधिको शासन, पारदर्शी संस्था, जिम्मेवार नेतृत्व र परिणाममुखि राज्य-प्रणालीले समाजमा भरोसा फर्काउन सक्छन् । यसकालागि हरेक तहमा सामाजिक प्रतिवद्धता सहितको ज्ञान, विज्ञता र चेतना अनिवार्य छ ।

# व्यासमा विश्व पर्यटन ....

अध्ययन लगायतले आ-आफ्ना विचार व्यक्त गरेका थिए ।

नगरभित्रका सांस्कृतिक समूह, होमस्टे सञ्चालक, नगर प्रज्ञा प्रतिष्ठान तथा पर्यटन क्षेत्रसँग सम्बन्धित सरकारी तथा



गैरसरकारी संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरुको समेत सहभागिता रहेको कार्यक्रममा पर्यटनसम्बन्धी वृत्तचित्र प्रदर्शन, पर्यटन विषयमा छलफल, सांस्कृतिक नृत्य प्रस्तुति गरिएको थियो ।

उक्त कार्यक्रममा आदिकवि भानुभक्त क्याम्पसका प्रमुख, आदिकवि भानुभक्त माध्यमिक विद्यालयको होटल म्यानेजमेन्ट (एचएम) कार्यक्रमका संयोजक अरविन्द थापाको नेतृत्वमा कक्षा ११ र १२ मा होटल म्यानेजमेन्ट अध्ययनरत विद्यार्थीहरुसमेत सहभागिता जनाएका थिए ।

विश्व पर्यटन दिवसका अवसरमा आयोजित कार्यक्रममा पर्यटन प्रवर्द्धनमा डिजिटल प्रविधिको प्रयोग, एआईमार्फत पर्यटकीय गन्तव्यको प्रचार-प्रसार, सूचना प्रवाह तथा पर्यटकको अनुभवलाई थप प्रभावकारी बनाउने सम्भावनाबारे विचार-विमर्श गरिने आयोजकले जनाएको छ ।

व्यास नगरपालिकाले प्रविधिको बढ्दो प्रयोगसँगै स्थानीय पर्यटनलाई डिजिटल माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन सकिने सम्भावनालाई कार्यक्रममार्फत उजागर गर्न खोजेको जनाएको छ ।

**www.bhanjyangnews.com**
Email- bhanjyangdml@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : व्यास-२, दमौली, तनहुँ । फोन: ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४